गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा

कार्यपालिका बाट स्वीकृत मिति: २०८०।१०।०४

# “माछा प्रवर्धन कार्यक्रम कार्यविधि, २०८०”

पृष्ठभूमि

नगरपालिका भित्र माछापालनको माध्यमबाट यहाँको बढ्दो माछा मागलाई सम्बोधन गर्न सकिने अवस्था रहेको छ। कृषकको माछापालनमा देखिएको उत्साहाले यसको विस्तार तथा विकासको सम्भावना देखाउँछ । नगरपालिकालाई माछामा आत्म निर्भर बनाएर कृषकको जीवनस्तरमा सुधार भएमा यस क्षेत्रले समग्र गानगरपालिकाको अर्थतन्त्रमा योगदान दिने देखिन्छ। यहाँको जमिनमा फलफूल, तरकारी, फूल, खाद्यान्न, घाँसबाली लगायतका कृषि बालीको अलावा माछा पालनको लागि उपयुक्त रहेको छ। यस नगरको रोजगारीको प्रमुख क्षेत्र कृषि तथा पशुपालन भएकोले यसलाई व्यवसायिक, प्रतिस्पर्धि र वातावरण अनुकुलन बनाई उत्पादन तथा उत्पादकत्व बृद्धिगरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने मूल उद्देश्य राखी मत्स्य व्यवसाय सम्बन्धि कार्यक्रममा अनुदानको व्यवस्था गर्दै कृषिमा नगरबासीलाई आकर्षण गर्न मत्स्य विकास कार्यक्रम संचालन गर्न लागिएको हो । माछापालन व्यवसायलाई एक नाफामूलक पेशामा रुपान्त्रण गरि कृषकलाई थप हौसला प्रदान गर्न साथै नीजि लगानी समेत आकर्पण गरि थप रोजगारीका अवसरहरु सृजना गर्दै उत्पादन वृद्धि गर्ने प्रकारको उधेश्य हासिल गर्न र गाउँपालिका मार्फत संचालन गरिने माछापालनमा अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपले संचालन गर्न बान्छनीय भएकाले यो कार्यविधि जारि गरिएको हो

१. संक्षिप्त नाम र प्रारम्भिक:

संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम " माछा प्रवर्धन कार्यक्रम संचालन कार्यविधि २०८०" रहेको छ।

ख. यो कार्यविधि गल्याङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछी गल्याङ नगरपालिका भित्र प्रारम्भ हुनेछ।

२. परिभाषा:

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "नगरपालिका" भन्नाले गल्याङ नगरपालिका सम्झनु पर्नेछ।

ख. "कार्यालय" भन्नाले गल्याङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय भन्ने सम्झनुपर्नेछ।

ग. "शाखा" भन्नाले गल्याङ नगरपालिका पशु सेवा शाखा सम्झनुपर्नेछ।

घ. "वडा" भन्नाले गल्याङ नगरपालिकाका सबै वडाहरु सम्झनु पर्नेछ।

ङ. "जलश्रोत" भन्नाले नदि, नाला, ताल, तलैया तथा पोखरी आदि सम्झनु पर्नेछ।

च. "माछा पालन" भन्नाले कुनैपनि जलाशयहरुमा (पोखरी, धान खेत, ताल, नदि आदि) माछा हालेर नियन्त्रित तरिकाले माछा उत्पादन गरिने तरिका सम्झनु पर्नेछ ।

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

छ. "एरेटर" भन्नाले हावामा पाईने अक्सिजन पनि घुलाई अक्सिजनको मात्रा बढाउने उपकरण सम्झनु पर्दछ।

ज. "पि.एच मिटर" भन्नाले पानीको अम्लीय वा क्षारिय कस्तो छ भनि जाँच गर्ने उपकरण सम्झनु पर्दछ।

झ. "सेची डिस्क" भन्नाले पानीको धमिलोपना कस्तो छ भनि जाँच गर्ने उपकरण सम्झनु पर्दछ।

ञ. "डी.ओं मिटर" भन्नाले पानीको अक्सिजनको मात्र भनि जाँच गर्ने उपकरण सम्झनु पर्दछ।

ट. "पेलेटीङ्ग" भन्नाले दानको कच्चा पदार्थलाई विभिन्न आकार र साइजका डल्लाहरु बनाइ उत्पादन गर्ने उपकरण सम्झनु पर्दछ।

ठ. "जाली" भन्नाले माछा पोखरीको वरिपरी लगाउने जाली सम्झनु पर्दछ।

ड. "डिजिटल तराजु" भन्नाले तौल नाप्ने उपकरण सम्झनु पर्नेछ ।

ढ. "प्राविधिक" भन्नाले कार्यालयमा कार्यरत वा पशु शाखाबाट खटाईएको सम्बन्धित प्राविधिक सम्झनुपर्दछ।

ण. "अनुदान" भन्नाले सम्बन्धित पशु विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ।

त. "प्रस्तावक" भन्नाले यस कार्यविधि अनुसार प्राप्त कृषक, व्यावसायिक कृषक, सहकारी सस्था, कृषक समुह उद्यमी सम्झिनुपर्दछ।

थ. "कार्यदल" भन्नाले गल्याङ नगरपालिकाको कृषि तथा पशु विकास सम्बन्धि कार्यक्रम संचालन गर्न गठित "कृषि तथा पशु विकास कार्यदल" सम्झनुपर्दछ।

द. "कार्यविधि" भन्नाले गल्याङ माछा प्रवर्धन कार्यक्रम संचालन कार्यविधि २०८० सम्झनुपर्नेछ

३. उद्देश्यः

यस कार्यक्रमका उद्देश्यहरु निम्नानुसर छन्।

क. उपलब्ध जलश्रोतको सदुपयोग गर्दै मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य एवं पोषण सुरक्षामा टेवा पुर्वाउने।

ख. मत्स्य व्यवसाय लाई व्यावसायिकीकरण गर्दै आधुनिकरण मत्स्य पालनको स्रोत केन्द्रको रुपमा विकास गरि माछाको बजारलाई फराकिलो पारि आयात प्रतिस्थापन गर्नुको साथै निर्यातमा वृद्धि गर्नु ।

४.कार्यक्रम संचालन प्रक्रिया

क. नगरपालिकाले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको प्रस्ताव निबेदन माग गर्नेछ।

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

ख. गल्याङ नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम गल्याङ नगरपालिकाबाट कार्यक्रम संचालनका लागि समितिले छनौट गरे बमोजिम हुनेछ ।

अ)कृषक स्थायी रुपले गल्याङ नगरपालिकाको बासिन्दा हुनुपर्नेछ र कृषकले संचालन गरेको व्यवसायिक फर्म गल्याङ नगरपालिका क्षेत्रभित्र हुनुपर्नेछ।

आ) निवेदक कृषकहरुको विवरण उपर शाखाले छनौट गरि कार्य समिति समक्ष पेश गर्नुपर्नेछ।

इ) शाखाबाट पेश भएका निबेदन उपर निम्नानुसारको माछा प्रवर्धन कार्यक्रम कार्यदलले छलफल गरि निर्णय गर्नेछ।

| | |
|---|---|
| १. नगर प्रमुख | संयोजक |
| २. नगर उप-प्रमुख | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ५. नगर कार्यपालिका सदस्यमध्ये एक जना महिला सदस्य | सदस्य |
| ६. आर्थिक प्रशासन शाखा | सदस्य |
| ७. पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

ई) अनुदानका लागि छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधिभित्र रहि एकमुष्ट रुपमा कृषकको बैंक खातामा अनुदान रकम उपलब्ध गराईनेछ।

उ) कृषकले सम्पूर्ण कामको विल भरपाई र फोटो वडा कार्यालयबाट काम सम्पन्न भएको सिफारिस र बैंक खाता नम्बर सहित भुक्तानीको लागि निबेदन पेश गर्नु पर्नेछ।

५.कार्यक्रमा शिर्षक :

| क.स. | कार्यक्रमको प्रकृति | अनुदान प्रतिशत | | कैफियत |
|---|---|---|---|---|
| | | अनुदान प्रतिशत | लाभग्राही प्रतिशत | |
| १. | माछाको भुरा तथा दुवानी | १०० | | |
| २. | यान्त्रिकरण | ७५ | २५ | |
| ३. | जाली | ७५ | २५ | |

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४. | पोखरी निर्माण निर्माण | ५० | ५० | प्रति रोपनी २५००० हजार बढीमा |
| ५. | कृषक क्षमता अभिवृद्धि तालिम | १०० | | |

६.लाभग्राही छनौटको लागि मूल्यांकनको आधार :

क) नयाँ पोखरी निर्माण आवेदकको हकमा

| क.स | मूल्यांकनका अधार | अधिकतम अंकभार | कुल प्राप्तांक |
|---|---|---|---|
| क. | नयाँ पोखरी निर्माण | २० | |
| | १. ३ रोपनी भन्दा बढी | २० | |
| | २. २ रोपनी | १० | |
| | ३. १ रोपनी | ५ | |
| ख. | प्राविधिक उपयुक्तता | २० | |
| | १. प्रयाप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको | २० | |
| | २. प्रयाप्त र उपयुक्त जमिन नभएको, उपयुक्त हावापानी नभएको | १५ | |
| ग. | मत्स्यपालन सम्बन्धी तालिम | २० | |
| | १ हप्ते वा सो भन्दा माथिको तालिम | २० | |
| | ३ दिने तालिम | १५ | |
| घ. | आवेदकको अनुभव | २० | |
| | २ वर्ष वा सो भन्दा बढी | २० | |
| | २ बर्ष भन्द कम | १५ | |
| पुनश्च : मुल्यांकनको क्रममा न्युनतम ५० अंक भन्दा बढी अंक प्राप्त गरेमा आवेदकलाई छनौटका लागि सिफारिस गर्नुपर्ने छ। | | | |

ख) उपकरण तथा भुरा माग आवेदकको हकमा

| क.स | मूल्यांकनका अधार | अधिकतम अंकभार | कुल प्राप्तांक |
|---|---|---|---|
| क. | पोखरी साइज | २० | |

दामोदर शर्मा
... अधिकृत

...प्रसाद भट्टराई

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

| | | | |
|---|---|---|---|
| | १. २ रोपनी भन्दा बढी | २० | |
| | २. १ रोपनी | १० | |
| | ३. १ रोपनी भन्दा कम | ५ | |
| ख. | पानीको उपलब्धता | २० | |
| . | १. प्रयाप्त पानी भएको | २० | |
| | २. अप्रयाप्त पानी भएको | १५ | |
| ग. | मत्स्यपालन सम्बन्धी तालिम | २० | |
| | १ हप्ते वा सो भन्दा माथिको तालिम | २० | |
| | ३ दिने तालिम | १५ | |
| घ. | आवेदकको अनुभव | २० | |
| | २ वर्ष वा सो भन्दा बढी | २० | |
| | २ बर्ष भन्द कम | १५ | |
| पुनश्च : मुल्यांकनको क्रममा न्युनतम ५० अंक भन्दा बढी अंक प्राप्त गरेमा आवेदकलाई छनौटका लागि सिफारिस गर्नुपर्ने छ। | | | |

७.अनुगमन, मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था :

यस कार्यक्रमको अनुगमन गल्याङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्नेछ वा गर्न लगाउनेछ। तपशिल अनुसारको अनुगमन समिति हुनेछ।

| | |
|---|---|
| १. नगर उप-प्रमुख | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४. लेखा शाखा प्रमुख | सदस्य |
| ५. योजना शाखा प्रमुख | सदस्य |
| ६. पूर्वाधार शाखा | सदस्य |
| ७. नापी शाखा | सदस्य |
| ८. कृषि शाखा | सदस्य |
| ९. पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

८.थपघट वा हेरफेर गर्न सक्ने

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा खारेज गर्न सक्छ।

ख. यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ।

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

अनुसूची -१

## कार्यक्रमको प्रस्ताव आवह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः........................)

गल्याङ् नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ. ब. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम माछा प्रवर्धन कार्यक्रम अन्तर्गत ५०% लागत साझेदारीमा ........................... अनुदान कार्यक्रम (.................................................................................................................) मा सहभागी हुन इच्छुक माछा पालक कृषक हरुबाट दरखास्त आवह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित गरिएको १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आबेदन फारम र व्यवसायिक कार्ययोजना सहित पशु सेवा शाखामा दरखास्त दिनुहुन सुचित गरिन्छ। आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचनाद्वारा सुचित गरिन्छ।

तपशिल :

१. फर्म दर्ता प्रमाण पत्र (दर्ता गरेको भए मात्र)
२. स्थायी लेखा नं प्रमाण पत्र र आवश्यक भए कर चुक्ता प्रमाण पत्र (दर्ता गरेको भए मात्र)
३. नेपाली नागरिकताको प्रतिलिपि
४. जग्गाधनिको जग्गाको लालपुर्जा
५. सम्बन्धित वडाको सिफारिस
६. फर्मको फोटोकपि (दर्ता गरेको भए मात्र)
७. निवेदन तथा प्रस्तावित कार्ययोजना

यस कार्यक्रम सन्चालन गर्दा हालसम्म माछापालन शिर्षकमा कुनै पनि किसिमको अनुदान प्राप्त नगरेका कृषक वा उद्यमीहरुलाई बिशेष ग्राह्यता दिईनेछ। निबेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाचा तथा कार्यक्रम संचालन प्रक्रिया यस नगरपालिकाको पशु सेवा शाखा वा सम्बन्धित वडाबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि फोन नं ०६३-४६०१२९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

अनुसूची-२

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
गल्याङ नगरकार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा

विषय : अनुदान उपलब्ध गराईदिने बारे।

महोदय,

प्रस्तुत विषयमा म गल्याङ नगरपालिका वडा नं. ............................निवासी ..................................ले ........................................................................... को नाममा फर्म दर्ता गरि माछा पालन गर्दै आइरहेको कुरा अवगत गराउदै यसै नगरपालिकाबाट मिति ................. मा प्रकाशित सूचना अनुसार यस कार्यक्रममा संलग्न हुनका लागि आवश्यक कागजात सहित कार्ययोजना पेश गरेको छु, कार्ययोजना अनुसारको अनुदान उपलब्ध गराईदिन हुन श्रीमान् समक्ष यो निवेदन पेश गरेको छु।

**माछापालन कार्यक्रमको कार्य योजना**

| क.स. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

हस्ताक्षर :

संचालकको नाम :

ठेगाना :

सम्पर्क नं.

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

अनुसूची-३

## माछा प्रवर्धन कार्यक्रम सम्झौता

गल्याङ नगरपालिका नगरकार्यपालिकाको आ.व. ................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदान लागत साझेदारीमा **माछा प्रवर्धन कार्यक्रम** संचालन गर्न श्री गल्याङ नगरपालिका नगरकार्यपालिकको कार्यालय, (यसपछि प्रथम पक्ष भनिने) र श्री ........................................................ (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरि द्विपक्षीय सम्झौता गरिदियौं/लियौं।

तपशिल :

१. प्रथम पक्षले **कार्यक्रम संचालनको** लागि दोस्रो पक्षलाई प्राविधिक सहजीकरण गर्नु पर्नेछ।
२. दोस्रो पक्षले निर्माण कार्य सुरु गरेदेखि समापन गरुन्जेल प्रथम पक्षसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।
३. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियम अनुसारको बिल र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात अनुगमन समितिको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिने छ। वा
४. कार्य सम्पन्न पश्चात वडा सिफारिस प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिन मनासिव ठहरे सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा अनुदान रकमको भुक्तानी बैंक खाता मार्फत गरिनेछ।
५. प्रथम पक्षले कुनै पनि बखत संचालीत कार्यको अनुगमन/निरीक्षण गरि सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।
६. दोस्रो पक्षले कार्यक्रमको प्रगति, उपलब्धि एवंम् कारोबार सम्बन्धि विवरणहरु सम्बन्धित वडा कार्यालय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।
७. कार्यक्रम संचालनका दौरानमा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।
८. सम्झौतामा उल्लेख हुन् छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।
९. द्विपक्षीय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकि सरह असुल उपरको प्रक्रिया अगाडि बढाउन सकिनेछ।
१०. सेवा र मालसामानको खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रचलित कानुनको पालना गर्नु पर्नेछ।

दोस्रो पक्षको तर्फबाट

दस्तखत:

प्रथम पक्षको तर्फबाट

दस्तखत :

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

नामः

पदः

फर्म/समुह/सहकारीको नाम :

छापः

**रोवहर**

नामः

पदः

कार्यालय :

कार्यालयको छापः

नामः

पदः

गल्याङ नगरपालिका

छापः

**रोवहर**

नाम :

पदः

कार्यालय :

कार्यालयको छापः

इति संवत .......................... .................गते रोज शुभम्

अनुसूची-४

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
गल्याङ नगरकार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा

विषय : अनुदान रकम उपलब्ध गराईदिन हुन।

महोदय,

प्रस्तुत विषयमा यस गल्याङ नगरपालिकाको आ.व. ............... को पशु सेवा शाखाबाट विनियोजित **माछा प्रवर्धन कार्यक्रम** अन्तर्गत परेको अनुदान गल्याङ नगरपालिका वडा नं. .......बस्ने श्री................................ ले ............................अनुसार कार्य सु-सम्पन्न गरेकोले तहाको नियम अनुसार भुक्तानी रकम उपलब्ध गराई दिन हुन श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु।

वडा अध्यक्ष

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

अनुसूची-५

# स्व-घोषणा

स्याङ्जा जिल्ला गल्याङ नगरपालिका वडा नं.............निवासी म...............................................लाई तहा कार्यालयबाट आ.व ................ को वार्षिक स्वीकृति **माछा प्रवर्धन कार्यक्रममा** सहभागी हुनको लागि निवेदन दिएको छु, साथै हालसम्म कुनै पनि निकायबाट अनुदान नलिएको भनि घोषणा गर्दछु ।

यस विवरण झुठो ठहरेमा नियमानुसार सहुला बुझाउला ।

इति सम्बत् : २०८०/............................रोज शुभम् ।

| दायाँ | बायाँ |
|---|---|
| | |

.......................

गल्याङ नगरपालिका वडा ...........स्याङ्जा

सम्पर्क नं.....................................